नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २३७ २०८२ साल बैशाख ९ गते मंगलबार (22 Apr. 2025 Tuesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : आउँदो मनसुन अनि सम्भावित ... ३ पृष्ठमा : पारस्परिक संवादबाट... ३ पृष्ठमा : गाजाको ६९ प्रतिशत भूभागमा ...

# शिक्षक आन्दोलनका कारण विद्यार्थीको भविष्य अन्यौलमा

## सप्तरीमा भर्ना अभियानदेखी एसइईको उत्तर पुस्तिका परिक्षण कार्य समेत प्रभावित

**दैनिक समाचारदाता**
**राजविराज, ८ बैशाख ।**

विद्यालय शिक्षा विधेयकको माग गर्दै देशैभरिका शिक्षक चैत २० गतेदेखि काठमाडौं केन्द्रित आन्दोलनमा छन् । सोमबार ऽआन्दोलनको २० औं दिन वितिरहँदा पनि कुनै ठोस निष्कर्ष भने निस्किएको छैन् ।

शिक्षकहरुले आन्दोलन गर्दा गर्दै नयाँ शैक्षिक सत्रको शुरुवात भएको पनि एक साता वितिसकेको छ तर, आन्दोलन संगै सृजना भएको समस्याहरुबारे कुनै पक्षले चासो देखाएका छैनन् ।

आन्दोलनकै कारण सप्तरीका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा विद्यार्थी भर्ना अभियान प्रभावित भएको छ । लोकतन्त्रमा आफ्नो अधिकारको प्राप्तिका लागि संघर्ष गर्नुलाई गलत भन्न नमिले पनि त्यो संगै अरुको अधिकार हनन् गर्नु हुँदैन भने पनि मान्यता रहिआएको हो ।

शिक्षकहरुले थालेको आन्दोलनबाट बैशाख ११ गतेदेखी सुरु हुने भनिएको कक्षा १२ को परीक्षा समेत अन्यौल अवस्थामा पुगिसकेको छ भने देशैभरिका शिक्षकहरु काठमाडौं केन्द्रित आन्दोलनमा सहभागि हुन गएपछि सामुदायिक विद्यालयको पठनपाठन, भर्ना अभियान, पाठयपुस्तक वितरण, एसइइ उत्तर पुस्तिका परीक्षण तथा प्रशासनिक कामकाज समेत ठप्प हुँदा पुरै शैक्षिक क्षेत्रको अवस्था गम्भिर छ । गत शैक्षिक सत्रमा सामुदायिक विद्यालयहरुले लिएको वार्षिक परीक्षाको नतिजा पनि प्रभावित बन्नुले समग्र शैक्षिक क्षेत्र नै तहसनहस अवस्थमा पुगिसकेको हो ।

प्रस्तावित विद्यालय शिक्षा विधेयकमा संशोधन तथा विगतमा भएको सहमति कार्यान्वयन गर्न माग र यसै संसद अधिवेशनबाट विधेयक पारित गर्नुपर्ने सहितका विभिन्न शर्त राखेर आन्दोलनमा होमिएका शिक्षकहरुको माग पुरा हुनुपर्छ भन्दै सरोकारबार निकायहरुले एक्यवद्धता समेत जनाएका छन् तर, विद्यार्थीहरुको भविष्यबारे कुनैपनि पक्ष जिम्मेवार नहुँदा नयाँ शैक्षिक सत्रको शुरुवातलाई पनि खल्लो बनाएको छ ।

विगतमा नेपाल शिक्षक महासंघसँग भएको सहमतिको पालना तथा विद्यालय शिक्षा विधेयक संशोधन गरि शिक्षा ऐन जारि नभएसम्म शैक्षिक आन्दोलन जारि राख्ने आन्दोलनरत शिक्षकहरुले लिएको अडान कायमै छ । पटक-पटक सकारी पक्षसंग वार्ता भएपनि उनीहरु आफ्नो अडानबाट पछि हट्न मानेका छैनन् । आन्दोलन र वार्ता जारी रहँदा त्यसको प्रभाव सप्तरीमा पनि परेको छ ।

यस जिल्लामा प्रावितर्फ १ हजार ७ सय ५१, निमावितर्फ ४ सय ३४, मावितर्फ ३ सय १५, उमाविमा ६९ गरि २ हजार ५ सय ६९ शिक्षकहरु सामुदायिक विद्यालयमा कार्यरत रहेको शिक्षा विकास तथा समन्वय इकाई सप्तरीका निमित्त प्रमुख कमलनाथ यादवले जानकारी दिए । उनले तथा डेढ लाख भन्दा बढी विद्यार्थीहरु सामुदायिक विद्यालयहरुमा अध्ययनरत रहेको बताए ।

इकाई प्रमुख यादवका अनुसार सप्तरीमा ४ सय १७ वटा सामुदायिक विद्यालय रहेका छन् । तर, सम्पूर्ण शैक्षिक क्रियाकलाप ठप्प भएका कारण यहाँका विद्यार्थी र अभिभावक समेतमा चिन्ता बढेको राजविराज नगरपालिका वडा नम्बर ७ का वडा सदस्य रामानन्द देवले बताए ।

# लोक संस्कृति र लोकसंचार क्षेत्रको सर्वाङ्गिण विकाश हुनु पर्छ : मन्त्री लेखी




**दैनिक समाचारदाता**
**राजविराज, ८ बैशाख ।**

सप्तरीको सप्तकोसी नगरपालिका अन्तर्गत फत्तेपुरमा चलचित्र तथा लोकसंचार प्रवर्द्धन बोर्डको आयोजनामा पाच दिवसिय "छायांकन तथा सम्पादन सम्बन्धी प्रशिक्षण" कार्यक्रमको सुभारम्भ भएको छ ।

प्रशिक्षण कार्यक्रमका प्रमुख अतिथी मधेश प्रदेश सरकारका प्रवक्ता एवं गृहसंचार तथा कानुन मन्त्री राजकुमार लेखीले लोकसंस्कृतीको क्षेत्रमा सर्वाङ्गिण बिकाशको लागि सहयोग पुग्ने उद्देश्यले कार्यक्रम संचालन गरिएको बताएका छन् ।

"हामी लोक सांस्कृतिक, भाषिक तथा धार्मिक रुपले सम्पन्न छौ, तिनलाई संरक्षण, सम्वर्दन र बिकाश गर्नु राज्यको दायित्व हो ।" कार्यक्रममा शुभकामना मन्तव्य दिँदै मन्त्री लेखीले भने "सातै प्रदेशका दुरदराजमा रहेका प्रतिभाशाली युवाहरु सम्म बोर्ड पुग्नु पर्छ आगामी आर्थिक बर्षमा चलचित्र र लोकसंचार लक्षित कार्यक्रमहरु ल्याउने गरि प्रदेश सरकार समक्ष पहल गर्ने प्रतिवद्धता ब्यक्त गर्दछु ।"

कार्यक्रमको उद्घाटन समारोहको अध्यक्षता बोर्डका कार्यवाहक अध्यक्ष अशोक कुमार दत्त, स्थानिय जनप्रतिनिधी, राजनितीकर्मी एवं प्रशिक्षण कार्यक्रमका सहभागी युवाहरुको उपस्थिती रहेको थियो ।

# शिक्षामन्त्री भट्टराईद्वारा राजीनामा

**दैनिक समाचारदाता**
**काठमाडौँ, ८ वैशाख ।**


शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले सोमबार राजीनामा दिएका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर भट्टराई राजीनामा बुझाएकी हुन् ।

विद्यालय शिक्षा ऐन जारी गर्नुपर्ने माग गर्दै शिक्षक आन्दोलनको २० औं दिन भएको दिनमा उनले राजीनामा दिएकी छिन् ।

॥ शम्भवे गुरवे नमः ॥

**बिराट शिवगुरु समगोष्ठी एवं महोत्सव**

**पूर्णतः एक अध्यात्मिक आयोजन**



**"आऔं हिडौं शिव तिर"**
**शिव गुरुको शिष्यता**
**एउटा मात्र विकल्प !**
**कार्यक्रमको प्रमुख अतिथि**
विश्व शिव शिष्य परिवारको सचिव एवं शिव शिष्यताका प्रमाण परमपूजनीय अभिनव आनन्द (मन्नु भैया)



यस कार्यक्रममा बिहार राज्यका विभिन्न जिल्लाका गुरु भाई एवं गुरु बहन, नेपालको विभिन्न जिल्लाको गुरु भाई, बहन एवं सप्तरीको शिव शिष्यहरु, अध्यात्म प्रेमी, परमात्मा शिव सँग प्रेम गर्ने मानव श्रृष्टीका सम्पूर्णमा सहभागी भइदिन हुन अनुरोध छ ।

**मिति :** २०८२ बैशाख १३ गते शनिबार
**समय :** बिहान १० देखी दिउँसो ४ बजेसम्म
**स्थान :** श्री राजदेवी माध्यमिक विद्यालयको खेल मैदान राजविराज १, सप्तरी

**आयोजक**
श्री शिव शिष्य परिवार सप्तरी
मो. न. ९७०२६३५५९१, ९८१७७३१२१०, ९८५२००००१

**डढेलोबाट वनजङ्गल बचाऔं, पर्यावरण जोगाऔं**

- घाँस दाउरा गर्न वनजङ्गलमा जाँदा चुरोट, बिडी नखाऔं,
- वनभोजपछि चुल्होको आगो राम्ररी निभाऔं,
- खेतबारी, खरबारी र खर्कमा आगो नलगाऔं,
- मानव वस्ती वरिपरि अग्नि नियन्त्रण रेखा बनाऔं,
- स्थानीय प्रशासन, वन, स्थानीय तह, प्रहरी कार्यालय, रेडक्रसलगायत अन्य संघ-संस्थाको सम्पर्क नम्वर सुरक्षित राखौं,
- वनमा डढेलो लागेको देख्ने वित्तिकै नजिकैको प्रहरी, वन कार्यालय, स्थानीय प्रशासन र स्थानीय तहलाई खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### पाठ्यक्रममा एकरूपता आवश्यक

शिक्षा कुनै पनि राष्ट्रको विकासको मेरुदण्ड हो । गुणस्तरीय र समावेशी शिक्षाले मात्र सक्षम नागरिक उत्पादन गर्न सक्छ । तर हाम्रो शिक्ष प्रणालीमा अहिले पनि पाठ्यक्रमको दृष्टिले स्पष्ट एकरूपता नहुनु गम्भीर विषय बनिरहेको छ । नेपालमा विभिन्न शैक्षिक बोर्डहरू, निजी तथा सरकारी विद्यालयहरूबीच पाठ्यक्रममा ठूलो भिन्नता देखिन्छ । एउटै कक्षा पढ्ने विद्यार्थीहरूबीच शैक्षिकस्तरमा फरक हुनु असमानताको जरो हो । सरकारी विद्यालयहरूमा लागू गरिएको पाठ्यक्रम र निजी विद्यालयहरूमा प्रचलित पाठ्यपुस्तकहरू बीचको अन्तरले विद्यार्थीहरूलाई असमान प्रतिस्पर्धामा धकेल्दछ ।

पाठ्यक्रममा एकरूपता हुनुले देशभरका विद्यार्थीहरूलाई समान शैक्षिक अवसर उपलब्ध गराउनेछ । यसले ग्रामीण तथा शहरी क्षेत्रका बीचको शैक्षिक खाडल घटाउनेछ, साथै राष्ट्रव्यापी योग्यता परीक्षाहरूमा समान मापदण्ड सुनिश्चित गर्नेछ । यस्ता कदमहरूले शिक्षा क्षेत्रलाई निष्पक्ष र समावेशी बनाउन मद्दत गर्छ । पाठ्यक्रम एकरूपता कार्यान्वयन गर्दा स्थानीय सन्दर्भ र भाषागत विविधतालाई समेत समेट्नुपर्छ । राष्ट्रिय एकरूपता भनेको स्थानीय विशेषता विस्थापित गर्नु होइन, बरु त्यसलाई समेट्दै साझा मापदण्डमा आधारित शिक्षा दिनु हो ।

तसर्थ शिक्षा मन्त्रालय, नीति निर्माता र सरोकारवालाहरूले मिलेर देशभर एकरूप पाठ्यक्रम निर्माण र कार्यान्वयनमा ठोस कदम चाल्नु आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# आउँदो मनसुन अनि सम्भावित महामारीको जोखिम

**डा शेरबहादुर पुन**

काठमाडौँ, ८ वैशाखः "यो वर्ष कुन सङ्क्रमण प्रकोप/महामारीका रूपमा देखिएला ?" यो प्रश्नको तत्काल सटिक उत्तर त नहोला तर विगतको अनुभव अनि कमजोरीबाट भने सम्भावित सङ्क्रमण महामारीको अनुमान गर्न भने सकिन्छ । नेपालले बर्सेनि विशेषतः मनसुनको समयमा कुनै न कुनै प्रकोपको सामना गर्दै आइरहेको इतिहास छ । यसमा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपले थप समस्या दिएको देखिन्छ । एक दशकअगाडिसम्म पानीजन्य सङ्क्रमणको महामारी बढी देखिने गर्दथ्यो भने पछिल्ला केही वर्षयता तुलनात्मक रूपमा कीटजन्य रोगले तीव्र गति लिइरहेको देखिन्छ । यद्यपि पानीजन्य सङ्क्रमणको जोखिमपूर्ण रूपमा नियन्त्रणमा आइसकेको भन्न खोजिएको भने होइन । अब चाँडो नेपालमा मनसुनको प्रवेश हुँदै गर्दा मौसमी महामारीको जोखिम पनि बढ्दै गइरहेको छ । विगतका अनुभवहरूका आधारमा सम्भावित महामारीको विश्लेषण यहाँ गर्न खोजिएको हो ।

**डेङ्गु**

केही दिनअगाडि समकक्षीहरूसँग बसिरहेको बेला लामखुट्टे अघिपछि गरिरहेको थियो । मनसुन भित्रिसकेको त छैन तर लामखुट्टे सक्रिय हुनु केही अस्वाभाविक तर बढी चिन्ताको विषय भने पक्कै मान्नु पर्दछ । स्मरण रहोस्, सन् २०१९ मा धरानमा डेङ्गु अचानक फैलँदा नेपालमा मनसुन प्रवेश गरिसकेको अवस्था थिएन । अर्थात् त्यो बेला बेमौसमी झरी पर्दा लामखुट्टेको अस्वाभाविक वृद्धि अनि एकपछि अर्को जिल्ला हुँदै डेङ्गु अन्तत्वोगत्वा काठमाडौँसम्म आइपुग्दा काठमाडौँवासीले पहिलोपटक डेङ्गुको ठूलो चुनौतीको सामना गर्नु परेको थियो । आधिकारिक तथ्याङ्कलाई हेर्ने हो भने हाल केही वर्षयता लगभग १२ महिनाजसो डेङ्गु देखिन थालेको छ । ठूलो र लामो महामारीको रुप लिने हो भने मनसुन सुरु भएदेखि नै डेङ्गु फैलन थाल्ने गरेको अनि कुनै निश्चित ठाउँमा प्रकोपको रुप लिँदा भने 'पोष्ट मनसुन' अर्थात् दसैं-तिहार पछि डेङ्गु देखिने गरेको लेखकको अनुभव छ । सन् २०२२ मा डेङ्गुले काठमाडौँमा विनाशकारी महामारी निम्त्याएको थियो । यो सन् २०१९ पछि तीन वर्षको अन्तरालमा देखिएको सबैभन्दा ठूलो महामारी थियो । नेपालको तथ्याङ्कलाई हेर्ने हो भने दुईदेखि तीन वर्षको अन्तरालमा डेङ्गुले प्रकोप/महामारीको स्वरुप लिने गरेको छ । प्रत्येक महामारीसँगै भाइरसको सङ्क्रामकता, आक्रमकता र जटिलता पनि बढ्दै गएको देखिन्छ । यसर्थ पनि अब काठमाडौँमा डेङ्गुले कुनै पनि समयमा नयाँ महामारीको लहर निम्त्याउन सक्ने प्रबल सम्भावनालाई नकार्न सकिँदैन । र, त्यो विगतको भन्दा अझ बृहत् नहोला भन्न सकिँदैन । तर, दुर्भाग्य नै भन्नुपर्छ कि हामीले अझ पनि डेङ्गु रोक्ने उपायहरूलाई गम्भीरताका साथ लिने वा नियन्त्रणका लागि पर्याप्त प्रयास गरेको भने देखिँदैन ।

**स्क्रब टाइफस**

यो रोग 'ओरिएनटा सुसुगामुसी' नामक ब्याक्टेरियाका कारणले हुने गर्दछ । यो चिगर माइट नामक किर्नाको टोकाइका कारणबाट हुने कीटजन्य रोग हो । सन् २०१५ मा केही बालबालिकाको मृत्यु स्क्रब टाइफसले भएको प्रमाणित भएपछि यसले नेपालमा विशेष चर्चा पाएको हो । कतिपयले २०७२ सालको भूकम्पले गर्दा यो रोग फैलिएको/देखिएको भने तापनि यो ब्याक्टेरिया दुई दशकअगाडि नै नेपालमा देखिइसकेको अध्ययन-अनुसन्धानहरूले देखाएका छन् । तर, धरान घटनाअगाडिसम्म स्क्रब टाइफस नियमित परीक्षणमा समावेश नहुने हुँदा यसको अवस्थाका बारेमा सन् २०१५ अगाडि अनभिज्ञ नै देखिन्छ । नेपालमा बर्सेनि विशेष गरेर मनसुन 'सिजन'मा स्क्रब टाइफसको सक्रियता बढी देखिने गरेको अस्पताल तथ्याङ्कहरूले देखाउँछन् । केहीको उपचारमा ढिलाइ हुँदा वा उपचारका क्रममा मृत्युसमेत हुने गरेको देखिन्छ । विशेषतः गाउँघरतिर अथवा वनजङ्गल जाँदा ( घाँसदाउरा काट्न जाँदा) अथवा पछिल्लो समय शहरमा हाइकिङमा जाने बढ्दो प्रचलनले पनि स्क्रब टाइफसको जोखिम बढेको देखिन्छ । कुनै कारणले अग्ला वा ठूला झाडीमा वा घाँसेमैदानको सम्पर्कमा आउँदा मानिसमा चिगर माइट टाँसिने अनि त्यसले टोक्ने गर्दछ र स्क्रब टाइफस रोगको सम्भावना बढेर जाने गर्दछ । अहिले पनि धेरैले ज्वरोलाई बेवास्ता गर्दा स्क्रब टाइफसले जटिल अवस्था लिएको देखिन्छ । स्क्रब टाइफससम्बन्धी जानकारीलाई अझै प्रभावकारी रूपमा प्रचार गर्नुपर्ने खाँचो छ ।

**हैजा**

दुई दशकअगाडि काठमाडौँमा हैजाका बिरामी नियमित जस्तो देखिन्थे । नियमित मात्र होइन मनसुन सुरु भएसँगै अस्पताल नै भरिभराउ हुने गर्दथ्यो । घण्टा बित्न नपाउँदै ४०/५० जना अस्पताल भर्ना हुन आउने गरेको लेखकको अनुभव छ । हाल त्यो भयावह अवस्था छैन तर हैजालाई नेपालमा इतिहासमा सीमित राख्न सकेको अवस्था पनि छैन । काठमाडौँमा अहिले पनि हैजा नियमित जस्तो देखिने गरेको पाइन्छ । केही वर्षपहिले हैजाका कारणले नवलपरासीमा केही बिरामीको मृत्यु भएको थियो । हैजा कडा भएको अवस्थामा पनि तुरुन्तै उपचार पाए मृत्युको सम्भावनालाई घटाउन सकिन्छ । तर, भौगोलिक रूपमा विकट एवं दुर्गम ठाउँहरूमा जटिल प्रकृतिको हैजा देखिए त्यसबाट व्यक्तिको मृत्यु पनि हुने सम्भावना रहन्छ । किनभने त्यस्ता ठाउँबाट बिरामीलाई सुविधासम्पन्न अस्पतालसम्म समयमा ल्याउन कठिन हुने गर्दछ । जस्तै, सन् २००९ को अप्रिल-जुलाई महिनामा जाजरकोटमा १११ जनाको हैजाका कारण ज्यान गयो । जाजरकोटमा धेरै पटक हैजा दोहोरिएको पनि देखिन्छ । अर्थात् हामीले यो घटनाबाट पाठ सिकेको वा गम्भीर भएको देखिँदैन । हाल हैजा फैलने तरिका वा स्रोतमा पनि केही फरक देखिन थालेको छ । हैजा मुख्यतया पानी अनि सङ्क्रमित खानेकुराबाट फैलने गर्दछ । पछिल्लो समय मानिसहरू पानी र खानेकुरामा केही हदसम्म सजक हुन थालेका देखिन्छन् । तर, बजारमा पाइने कतिपय जारका वा बोतलमा राखिएका पिउने पानीमा नियमितजसो कोलिफोर्म भेटिएका खबर आइरहेका छन् । अर्थात् यसलाई दिसा मिसिएको पानी घरघर पुग्ने गरेको सङ्केतका रूपमा लिन सकिन्छ । यस्ता पानी निर्मलीकरण गरेर नपिउने भएकाले हैजाको जोखिम बढेको हो । त्यस्तै केही दिनयता झिङ्गा पनि यत्रतत्र देखिन सुरु भएको छ । झिङ्गा पनि हैजा फैलाउने एक माध्यम हो । विगतमा झिङ्गाबाट रोग फैलिन्छ भनेर नियमित रूपमा जानकारीहरू प्रवाह भइरहन्थ्यो, तर आजभोलि यस्तो प्रचारमा कमी आएको छ । त्यस्तै व्यावसायिक पानीको नियमित तथा प्रभावकारी अनुगमन नहुँदा हैजाको जोखिम यथावत् देखिन्छ र यसबाट प्रकोप/महामारीको सम्भावनालाई बढाएको छ ।

**जापानिज इन्सिफलाइटिस**

लामो समयको अन्तरालपछि नेपालमा गत वर्ष जापानिज इन्सिफलाइटिस अस्वाभाविक रूपमा बढेको थियो जसका कारण कम्तीमा १४ जनाको ज्यान गएको थियो । यो अघिल्लो वर्षको भन्दा दोब्बर थियो । त्यस्तै यस भाइरसबाट ६० भन्दा बढी व्यक्ति सङ्क्रमित भएका थिए । यसबाट जापानिज इन्सिफलाइटिसले 'स्टेप ल्याडर' तरिकाले पुनः देखिने गर्दै गइरहेको देखिन्छ । त्यसो भए "के यो वर्ष पनि सङ्क्रमित र मृत्युदरको सम्भावना छ त ?" भन्ने प्रश्न गम्भीर रूपमा देखा परेको छ । यो प्रश्नको उत्तर केही हदसम्म बर्सेनि बढ्दो सङ्क्रमणको कारण र फैलन रोक्ने पूर्वतयारीको अवस्थाले तय पनि गर्नेछ । यो भाइरसविरुद्ध प्रयोग भएका खोपको प्रभावकारिताको अवधि वा खोपले निरन्तरता पाए/नपाएको जानकारी पनि महत्वपूर्ण हुनेछ । जापानिज इन्सिफलाइटिस फैल्याउने लामखुट्टे मनसुनमा सक्रिय भइरहेको अवस्थाको सङ्केत गत वर्ष देखिएको जापानिज इन्सिफलाइटिस बिरामीको सङ्ख्याबाट पनि अनुमान गर्न सकिन्छ । यसर्थ यो वर्ष पनि विगतको वर्षभन्दा फरक हुने सम्भावना कमै छ ।

**श्वासप्रश्वास सङ्क्रमण**

बर्सेनि मनसुनको मध्यतिर श्वासप्रश्वास सङ्क्रमण विशेषत फ्लु भाइरसको लहर देखिने गर्दछ । विगतको अनुभवलाई आधार मान्ने हो भने फ्लु भाइरसले बेलाबेलामा महामारीको रुप समेत लिने गरेको देखिन्छ । कोभिड-१९ अगाडि 'एचवानएनवान पिडिएम ०९' नामक फ्लु भाइरस प्यानडेमिक घोषणा भएको थियो । सन् १९१८ मा पनि 'स्पेनिस फ्लु' को नामले चिनिने फ्लु भाइरसले अनुमानित पाँच करोड मानिसको ज्यान लिएको तथ्याङ्क छ । हुन त नेपालमा यसलाई 'भाइरल' वा सामान्य रुघाखोकीका रूपमा लिने चलन भए तापनि ज्येष्ठ नागरिक, दीर्घरोगी, बालबालिकाको स्वास्थ्यलाई जटिल बनाउने गरेको देखिन्छ । फ्लुविरुद्ध उपलब्ध खोपले सङ्क्रमणलाई जटिल हुनबाट रोक्न धेरै हदसम्म सहयोगी हुने गर्दछ । फ्लु सक्रिय भएको अवधिभरि बाहिर वा सार्वजनिक स्थानमा जाँदा मास्क लगाउने तथा घरमा आएपछि राम्ररी साबुनपानीले हात धुने बानीले पनि सङ्क्रमण रोक्न धेरै हदसम्म सहयोगी हुनेछ । यस्ता जानकारीहरू विभिन्न सञ्चारका माध्यममार्फत निरन्तर जानकारी दिने अनि विद्यालयमा पनि विद्यार्थीलाई अनिवार्य सिकाउन सके अझ प्रभावकारी हुनेछ ।

**अज्ञात वा आयातित सङ्क्रामक रोग**

नेपालमा हाल पनि औँलामा गन्न सक्ने सरुवा रोगलाई वा सङ्क्रमणलाई नियमित परीक्षणमा समावेश गर्ने गरिन्छ । यसर्थ पनि अधिकांश बिरामीमा ज्वरोका कारण पत्ता लाग्ने गरेको पाइन्न । नेपालीहरू हरेक हप्ता हजारौँको सङ्ख्यामा रोजगारीका लागि विदेश जाने गर्दछन् । त्यहाँबाट नेपालमा पहिला नदेखिएका सङ्क्रमणहरू भित्रिन सक्ने जोखिम उच्च हुने गर्दछ । कोभिड-१९, अफ्रिकी मलेरिया, चण्डीपुरा भाइरस जस्ता भाइरसहरू नेपालमा पछिल्लो समय भित्रिएका केही रोगहरूका नाम हुन् । जिका भाइरस, निपाह भाइरस, क्यासिनुर फोरेस्ट डिजिज (मङ्की ज्वरो), मर्स कोरोना भाइरसजस्ता सङ्क्रामक रोगहरू छिमेकी देश भारत वा मध्यपूर्वका देशहरूमा देखिँदै आइरहेका छन् जुन नेपालका लागि पनि जोखिम मान्नु पर्दछ । यी सङ्क्रमणहरू नियमित परीक्षणको सीमितताले गर्दा नेपाल भित्रिएका वा भित्रिनसकेका भनेर यकिन भने गर्न सकेको छैन । हाल नभित्रिएको रहेछ भने पनि आगामी दिनहरूमा भित्रिँदैन भन्ने कुनै आधार पनि देखिँदैन । यी उल्लिखित रोगहरू पनि हावाजन्य वा कीटजन्य सङ्क्रमणहरू नै भएकाले मनसुन सिजनमा फैलन सक्ने जोखिम रहन्छ । तसर्थ हाल उपलब्ध नियमित परीक्षणबाट पत्ता नलागेका सङ्क्रमणलाई थप परीक्षणको व्यवस्था गर्नु उचित हुनेछ । किनभने हाल यी पुष्टि हुन बाँकी रहेका सङ्क्रामक रोगले भोलि प्रकोप वा महामारीको रुप नलेला भन्न सकिँदैन । यसको बलियो उदाहरणका रूपमा सन् २००४ मा एकजनामा पुष्टि भएको डेङ्गु भाइरस हाल आएर नेपालका लागि सबैभन्दा ठूलो चुनौतीका रूपमा खडा हुनु नै हो ।

अन्तमा, सङ्क्रमणले महामारीको स्वरुप लिइसकेपछि आत्तिने अनि सकिएपछि बिर्सने बानी हाल पनि यथावत् नै देखिन्छ । कोभिड-१९ र सन् २०२२ को डेङ्गु महामारी यसको ज्वलन्त उदाहरणका रूपमा लिन सकिन्छ । मनसुन अगाडि विगतका अनुभव तथा उपलब्ध स्रोतसाधनका आधारमा योजना बनाउने अनि मनसुन सुरु भएसँगै योजनाको कार्यान्वयन पक्षलाई लागू गर्नुपर्दछ । माथि उल्लिखित सङ्क्रामक रोगहरू आगामी दिनहरूमा ( मनसुनमा) प्रकोप/महामारीका रूपमा देखिन सक्ने सम्भावनालाई नकार्न सकिँदैन ।

सरुवा रोगविज्ञ डा शेरबहादुर पुन शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा क्लिनिकल रिसर्च युनिटका संयोजक हुनुहुन्छ ।

# पारस्परिक संवादबाट 'प्याकेज'मै निकास खोजिँदै

**प्रकाश सिलवाल**
काठमाडौँ, ८ वैशाख (रासस)।

२१ दिनदेखि काठमाडौँकेन्द्रित सडक आन्दोलनमा रहेको नेपाल शिक्षक महासङ्घका जायज र सम्भव हुने माग पूरा गर्न सरकार र संसद्ले पहल गरिरहेको छ। प्रधानमन्त्री केपी शर्मा ओली र प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले नेपाल शिक्षक महासङ्घका पदाधिकारीसँग यही वैशाख ५ गते बेग्लाबेग्लै भेट गरी शिक्षक आन्दोलन र समस्या समाधानका विकल्पका विषयमा छलफल गर्नुभएको थियो।

निकासकै सन्दर्भमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेल, नेपाली कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले पनि आ-आफ्नोतर्फबाट पहल गरिरहनुभएको छ। उच्चस्तरीय राजनीतिक पहलसँगै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र महासङ्घबीच अनौपचारिक तहमा कुराकानी भइरहेको छ। ती कुराकानीका आधामा मन्त्रालयले सरकारका तर्फबाट तत्काल सम्बोधन गर्न सकिने शिक्षकहरूको मर्यादाक्रम निर्धारण र सरकारी अस्पतालमा उपचारलगायत विषयमा मन्त्रिपरिषद्मा प्रस्ताव लगेर निर्णय गराउने तयारी गरेको छ।

शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले विद्यालय शिक्षा विधेयक, २०८१ ले नसमेटेका व्यावहारिक र न्यायिक मागलाई पारस्परिक संवादका आधारमा प्याकेजमा सम्बोधन गर्नेगरी तयारी भइरहेको जानकारी दिनुभयो। उहाँले राजनीतिक र प्रशासनिक रूपमा एकैसाथ शिक्षकहरूका माग र मुद्दाका बारेमा सुनुवाइसहित सम्बोधनमा गरिने बताउनुभयो।

विगतका सहमतिका आधारमा विद्यालय शिक्षा विधेयक, २०८१ छिटो पारित हुनुपर्नेलगायत माग राखेर महासङ्घको आह्वानमा यही चैत २० गतेदेखि शिक्षकहरूले काठमाडौँकेन्द्रित आन्दोलन जारी राखेका छन्। प्रधानमन्त्री ओलीले आन्दोलनमा उठाइएका जायज मागका सम्बन्धमा गृहकार्य गरी वार्ता र संवादबाट समस्याको समाधान गर्न गत चैत २५ गते उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, गृहमन्त्री रमेश लेखक, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई र शिक्षा मन्त्रालयका उच्चाधिकारीसहितलाई निर्देशन दिनुभएको थियो।

ती भेटवार्तापछिका हरेक दिन सडकमै आई नयाँ शिक्षा ऐन मागका पक्षमा आवाज उठाइरहेको महासङ्घले आन्दोलनका कार्यक्रम अवधिलाई छोटयाउँदै आएको छ। यसै सन्दर्भमा महासङ्घका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले अनौपचारिक कुराकानी भए पनि ठोस उपलब्धि हासिल नभएकाले अझै केही दिन आन्दोलन गर्नुपर्ने स्थिति रहेको बताउनुभयो। उहाँले आन्दोलनका क्रममा शिष्ट र मर्यादित हुन शिक्षकहरूलाई आह्वान पनि गर्नुभएको छ।

नयाँ शैक्षिकसत्र आरम्भ भइसकेको अवस्थामा भर्ना प्रक्रियासहित पठनपाठन सञ्चालनका लागि स्थानीय तहहरूले सार्वजनिक आग्रह पनि गर्न थालेका छन्।

लगातारको आन्दोलनका कारण शिक्षकहरू थकित हुन थालेका छन् भने बबरमहल र नयाँ बानेश्वर क्षेत्रका सवारी आवागमनमा असुविधा हुँदै आएको छ। मन्त्रिपरिषद्को यही वैशाख २ गतेको बैठकले सङ्घीय संसद्मा विचाराधीन रहेको विद्यालय शिक्षा विधेयक यथाशक्य पारित गर्ने समेतका प्रयोजनका लागि सङ्घीय संसद्को अधिवेशन आह्वान गरेको छ। सरकारका तर्फबाट सो विधेयक पारित गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने प्रतिबद्धतासहित सो प्रयोजनका लागि यही वैशाख १२ गते शुक्रबार दिउँसो १ बजे सङ्घीय संसद् बैठकको आह्वान गर्ने निर्णय भएको छ। संसदीय समितिमा विचाराधीन रहेको विधेयकलाई यही वैशाखको तेस्रो सातासम्म संसद्को बैठकमा प्रस्तुत गर्न विधायकी पहल भइरहेको छ।

मन्त्रिपरिषद्को सोही बैठकले महासङ्घले उठाएका मागहरूको यथोचित सम्बोधन गर्ने सम्बन्धमा संवाद निरन्तर रहेको र अझै संवाद गर्न सरकार संवेदनशील र गम्भीर रहेकाले विद्यालय भर्ना अभियान, एसइईको उत्तरपुस्तिका परीक्षण र कक्षा १२ को परीक्षालाई ध्यान दिएर आन्दोलन फिर्ता गरी विद्यालय फर्कन शिक्षकहरूलाई आह्वान गरेको थियो।

सरकार र तत्कालीन आन्दोलनरत संयुक्त राहत शिक्षक संयुक्त आन्दोलन परिचालन समितिबीच २०८० असोज ५ र १२ गते विभिन्न सहमति भएको थियो। तत्कालीन शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईको उपस्थितिमा नेपाल शिक्षक महासङ्घका तत्कालीन अध्यक्ष कमला तुलाधर र राहत शिक्षक सङ्घर्ष समितिका अध्यक्ष खेमराज अधिकारीलगायतसँग भएको वार्तामा सो सहमति भएको थियो।

सहमतिबमोजिम प्रतिनिधिसभामा दर्ता भएको विद्यालय शिक्षासम्बन्धी विधेयकमा कार्यरत राहत दरबन्दीमा रहेकाको हकमा शिक्षक स्थायी पदपूर्ति प्रक्रियामा उमेर हद नलाग्ने, शतप्रतिशत आन्तरिक प्रतिस्पर्धा गर्न र सेवा अवधि पनि शतप्रतिशत जोड्न संशोधन प्रस्ताव गर्ने उल्लेख थियो। यसैगरी साबिक उच्चमाविका शिक्षकलाई आन्तरिक प्रतिस्पर्धा र बाल विकासका शिक्षकलाई दरबन्दी कायम गर्ने पनि सहमति भएको थियो।

तर, यसबीचमा विशेषगरी शिक्षा सङ्कायअन्तर्गतका विभिन्न क्याम्पस तथा विश्वविद्यालयमा अध्ययनरत विद्यार्थी एवं भर्खरै अध्ययन पूरा गरेको युवा, अभिभावक सङ्घसंस्था, विद्यार्थी सङ्घसङ्गठन, नागरिक समाज, स्थानीय निकाय र मुलुकको आर्थिक स्रोतसाधनसहित नीतिगत एवं व्यावहारिक पक्ष पनि केही हदसम्म शिक्षकका माग पूरा गर्न बाधक बनेको देखिन्छ। विभिन्न बाधाअवरोधका बाबजुद पनि यसअघि भएका सहमति र सम्झौता कार्यान्वयन गरी 'गुरु'हरूको माग सम्बोधन गर्न कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता सरकारका तर्फबाट व्यक्त गरी सोही अनुसार शिक्षक महासङ्घका प्रतिनिधिहरूसँग नियमित छलफल तथा भेटघाट भइरहेका सुखद समाचार पनि आइरहेका छन्। संसद्को अधिवेशन सुरु हुन लागेको, शिक्षकहरू मागका सन्दर्भमा सम्बद्ध विभिन्न मन्त्रालयहरूका बीच चरणबद्ध छलफल भइरहेको, शिक्षक महासङ्घका पदाधिकारीहरूसँगको भेटवार्ता सकारात्मक भएको अवस्थालाई समेत दृष्टिगत गर्दा अब छिट्टै माग सम्बोधन भई शिक्षको दियो बाली गाउँ, समाज र देशलाई अग्रगतिमा लैजाने गुरुहरू नियमित कामकाजमा फर्कनुहुने विश्वास गर्न सकिन्छ।

# 'आफ्नो यात्राको भाडा आफैं तय गर्नुहोस् र मनपर्ने चालक छान्नुहोस्'

**दैनिक समाचारदाता**
**काठमाडौँ, ८ वैशाख।**

विश्वव्यापी मोबिलिटी र अर्बन सर्भिसेज प्लेटफर्म इनड्राइभले नेपालमा आफ्नो विशेष मोडेलमार्फत गतिशीलताको धारणा नै फेरिदिएको छ। इनड्राइभ 'आफ्नो यात्राको भाडा आफैं तय गर्नुहोस् र मनपर्ने चालक छान्नुहोस्' मोडेलमा अग्रणी सेवा प्रदायक हो।




यस ग्राहकमैत्री मोडेलले यात्रुहरूलाई आफूले चाहेको यात्राको मूल्य प्रस्ताव गर्ने, उपलब्ध चालकहरू मध्यबाट छनोट गर्ने र सवारी साधनको प्रकार चयन गर्ने स्वतन्त्रता दिन्छ। यो सेवा परम्परागत सवारी साधन बुकिङ प्लेटफर्महरू भन्दा पूर्ण रूपमा भिन्न छ, जहाँ मूल्य निर्धारण स्वचालित एआई मोडेल र एल्गोरिदमहरूद्वारा तय हुन्छ। इनड्राइभले यात्रु र चालक दुवैलाई पारदर्शी र निष्पक्ष सहमतिको आधारमा यात्राको भाडा तय गर्ने अवसर प्रदान गरेर नेपाली बजारमा नयाँ मानक स्थापित गरेको छ।

कम्पनीले आफ्नो द्रुत सफलता र लोकप्रियताको मुख्यश्रेय यसको अद्वितीय र प्रयोगकर्ता मैत्री मोडेललाई दिन्छ, जसले अन्य पारंपरिक मोडेलहरूको तुलनामा अझ बढी ग्राहक सन्तुष्टि सुनिश्चित गर्दै आएको छ।

इन ड्राइभका एपीएसीका कम्युनिकेसन लिड–पवित्रनन्द आनन्दका भनिन्, "हामीले सन् २०२२ मा नेपालमा" आफ्नो भाडा आफैं तय गर्नुहोस् र आफ्नो चालक छान्नुहोस्" भन्ने मोडेलका साथ इनड्राइभको सेवा सुरु गरेका थियौं। नेपाली बजारमा यस्तो सुविधा ल्याउने पहिलो राइड-हेलिङप्लेटफर्म इनड्राइभ नै हो। यो मोडेलले यात्रुलाई आफैंले आफ्नो यात्राको भाडा प्रस्ताव गर्न र उपलब्ध चालकहरू मध्य मूल्याङ्कन, सवारी साधनको प्रकार, पिकअप समय तथा दूरी जस्ता पक्षहरूको आधारमा उपयुक्त चालक छनोट गर्ने स्वतन्त्रता दिन्छ। नेपाली उपभोक्ताहरूले यस सुविधालाई अत्यन्तै रुचाएका छन्, किनभने यसले उचित भाडा दर र अनुकूल यात्रा अनुभवको विकल्प प्रदान गर्दछ।"

इनड्राइभ निष्पक्ष र पारदर्शी मूल्य निर्धारण मोडेलमा अग्रणी कम्पनी हो, र यही विशेषताले यसलाई विश्वव्यापी रूपमा लोकप्रिय एपहरू मध्ये एक बनाएको छ। इनड्राइभ अहिले विश्वको दोस्रो सबैभन्दा बढी डाउनलोड गरिएको राइडहेलिङ एप बन्न सफल भएको छ र लगातार तीन वर्षसम्म यो उपलब्धि कायम राख्न सफल भएको छ।

सेन्सर टावर, अग्रणी मार्केट इन्टेलिजेन्स फर्मका अनुसार इनड्राइभले ट्राभल र नेभिगेसन श्रेणीमा नेपालमा १ स्थान हासिल गरेको छ, जसले नेपाली बजारमा यसको बलियो उपस्थिति र बढ्दो लोकप्रियतालाई अझ सुदृढ बनाएको छ।

त्यसैगरी, यो एप ट्राभल श्रेणीमा विश्वव्यापी रूपमा पाँचौं स्थानमा पर्ने सबैभन्दा बढी डाउनलोड भएको एप हो। मात्र डिसेम्बर २०२४ मा इनड्राइभ एप ६१ लाखभन्दा बढी पटक डाउनलोड गरिएको तथ्याङ्कले यसको अन्तर्राष्ट्रिय सफलतालाई प्रष्ट पार्छ।

'इनड्राइभ निष्पक्षता र पारदर्शिताको सिद्धान्तमा आधारित प्लेटफर्म हो, जसले यात्रु र चालक दुवैको हितलाई समानरूपमा ध्यानमा राख्दै एक सन्तुलित र आत्मनिर्भर इकोसिस्टम निर्माण गरेको छ। यहाँ यात्रु र चालकले एक आपसमा संवाद गर्दै मूल्य निर्धारण गर्ने सुविधा पाउँछन्, जुन उनीहरूको आवश्यकता र सुविधा अनुसार स्वतन्त्र रूपमा तय गर्न सकिन्छ। त्यसैले इनड्राइभमा प्रत्येक सवारी केवल गन्तव्य सम्मको यात्रामात्र होइन, आपसी समझदारी र सन्तुष्टिको अनुभव पनि हो। यही कारणले हाम्रा यात्रुहरू र चालक साथीहरू दुवैजनाले इनड्राइभलाई विश्वास गर्छन, माया गर्छन् र प्रत्येक यात्राखुशीको बनाउँछन्,'उनले थपिन्।

## विश्व समाचार

### गाजाको ६९ प्रतिशत भूभागमा इजरायलको निकासी आदेश : राष्ट्रसंघीय एजेन्सी

गाजा ८ वैशाख (रासस/सिन्ह्वा)।

प्यालेस्टिनी शरणार्थीहरूका लागि संयुक्त राष्ट्रसङ्घीय राहत तथा कार्य एजेन्सी (युएनआरडब्लुए) ले आइतबार गाजा पट्टीको ६९ प्रतिशत भूभाग इजरायली निकासी आदेशअन्तर्गत रहेको बताएको छ।

इजरायली सेनाले मार्च १८ र अप्रिल १४ को बीचमा कम्तीमा २० वटा निकासी आदेश जारी गरेको युएनआरडब्लुएले एक प्रेस विज्ञप्तिमार्फत जनाएको छ। एजेन्सीका अनुसार हाल गाजामा स्थापित एक सय १५ आश्रय स्थलमा ९० हजारभन्दा बढी विस्थापित मानिस रहेका छन्।

इजरायली गोलाबारी र सात हप्ता लामो सहायता नाकाबन्दीका कारण गाजामा पहिले नै गम्भीर मानवीय अवस्था बिग्रँदै गएको चेतावनी दिँदै मार्च१८ मा युद्धविराम भङ्ग भएपछि करिब चार लाख २० हजार मानिस पुनः विस्थापित भएको एजेन्सीले जनाएको छ।

युएनआरडब्लुएले गाजामा चाँडै युद्धविराम, बन्धकहरूको रिहाइ र गाजामा मानवीय सहायता तथा व्यावसायिक आपूर्तिको निर्बाध प्रवाहको आवश्यकतामा जोड दिएको छ।

इजरायलले मार्च २ देखि गाजामा सबै मानवीय सहायताको प्रवेश अवरुद्ध गरेको छ। त्यसपछि उसले हमाससँगको दुई महिनाको युद्धविराम समाप्त गरी गाजामा घातक हवाई र भूमि आक्रमण पुनः सुरु गरेको छ।

युद्धविरामपछिको इजरायली आक्रमणमा एक हजार आठ सय २७ प्यालेस्टिनीको मृत्यु हुनुका साथै चार हजार आठ सय २८ घाइते भएको गाजाका स्वास्थ्य अधिकारीहरूले जनाएका छन्।

### इस्टर युद्धविरामपछि रुसले पुनः हवाई आक्रमण सुरु गऱ्यो : युक्रेन

किएभ, ८ वैशाख (रासस/एएफपी)।

मस्को र किएभले एकअर्कामाथि इस्टर युद्धविराम उल्लङ्घन गरेको आरोप लगाएपछि रुसले पूर्वी र दक्षिणी युक्रेनमा हवाई आक्रमण पुनः सुरु गरेको युक्रेनका क्षेत्रीय अधिकारीहरूले सोमबार बताएका छन्।

"रुसी सेनाले यस क्षेत्रमा ड्रोन प्रक्षेपण गरेको छ", डिनप्रोपेट्रोभस्कका क्षेत्रीय गभर्नर सेर्गी लिसाकले टेलिग्राममा भन्नुभयो।

उहाँले एक घर क्षतिग्रस्त भएको र खाद्य प्रतिष्ठानमा आगलागी भएको तर कोही घाइते भएको खबर नभएको जानकारी दिनुभयो।

युक्रेनको दक्षिणी माइकोलाइभ क्षेत्रका गभर्नर भिटाली किमले त्यहाँ पनि रुसी हवाई आक्रमण पुनः सुरु भएको बताउनुभयो।

"अप्रिल २१ को बिहान स्थानीय समयानुसार लगभग ४:५७ बजे दुश्मनले मिसाइलले सहरमा आक्रमण गऱ्यो, प्रकार निर्धारण भइरहेको छ। कुनै हताहत वा क्षति भएको छैन", उहाँले लेख्नुभएको छ।

युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले आइतबार रुसमाथि इस्टर युद्धविरामको दुई हजारभन्दा बढी उल्लङ्घन गरेको आरोप लगाउनुभयो। यद्यपि उहाँले युक्रेनभरि कुनै हवाई हमलाको चेतावनी नभएको र हवाई आक्रमणमा विरामलाई विस्तार गर्ने प्रस्ताव गरेको बताउनुभयो।

'कम्तीमा ३० दिनको अवधिका लागि नागरिक पूर्वाधारमा लामो दूरीको ड्रोन र मिसाइल प्रयोग गरेर कुनै पनि आक्रमण रोक्न' प्रस्ताव गर्दै उहाँले भन्नुभयो, "आज कुनै हवाई आक्रमण चेतावनी दिइएको छैन।"

### पोप फ्रान्सिसको निधन : भ्याटिकन

भ्याटिकन सिटी, ८ वैशाख (रासस/एएफपी)।

पोप फ्रान्सिसको सोमबार ८८ वर्षको उमेरमा निधन भएको छ। इस्टर आइतबार सेन्ट पिटर्स स्क्वायरमा धेरै आशा गरिएको उपस्थिति देखाएको एक दिनपछि भ्याटिकनले एक वक्तव्यमा पोपको निधन भएको बताएको छ।

"प्रिय दाजुभाइ र दिदीबहिनीहरू, मैले गहिरो दुःखका साथ हाम्रा पवित्र पिता फ्रान्सिसको निधनको घोषणा गर्नुपर्दछ", कार्डिनल केभिन फारेलले भ्याटिकनद्वारा आफ्नो टेलिग्राम च्यानलमा प्रकाशित वक्तव्यमा भन्नुभयो, "आज बिहान ७:३५ बजे (०५३५ जिएमटी) रोमका बिशप, फ्रान्सिस, पिताको घरमा फर्किनुभयो, उहाँको सम्पूर्ण जीवन प्रभु र उहाँको चर्चको सेवामा समर्पित थियो।"

गम्भीर बिमारीपछि अझै पनि आराम गरिरहेको भए तापनि इस्टर आइतबार सेन्ट पिटर्स बेसिलिका बालकोनीमा देखा परेर भ्याटिकनमा भक्तहरूको भीडलाई प्रसन्न तुल्याएको ठिक एक दिनपछि फ्रान्सिसको निधन भयो।

फ्रान्सिस यस वर्ष निमोनियाबाट पीडित हुँदा दुई पटक मृत्युको नजिक पुग्नुभएको थियो। मार्च २३ मा डिस्चार्ज हुनुअघि उहाँले अस्पतालमा ३८ दिन बिताउनुभयो।

आइतबार उहाँले सेन्ट पिटर्स स्क्वायरमा भीडलाई हात हल्लाउँदै 'शुभ इस्टर' शुभकामना दिनुभयो र आफ्नो परम्परागत 'उर्बी एट ओर्बी' (सहर र विश्वलाई) आशीर्वादमा उहाँले विचारको स्वतन्त्रता र सहिष्णुताको आह्वान गर्नुभयो।

# बलेरोमा आगलागी हुँदा चार जनाको मृत्यु

ताप्लेजुङ, ८ वैशाख (रासस)।

ताप्लेजुङ सदरमुकाम फुङ्लिङबाट पाथीभरा मन्दिर दर्शनका लागि गइरहेको बलेरो गाडीमा आगलागीमा परेर चार जना यात्रुको मृत्यु भएको छ भने दुईजना घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालयको अनुसार मे१च ३०११ नम्बरको बुलेरो गाडीमा फुङ्लिङ नगरपालिका-१० सेवारो चोकमा एक्कासि आगलागी भएको थियो।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी विवेक बस्नेतका अनुसार मृत्यु हुनेमा जिल्ला ललितपुर महानगरपालिका-१० का १६ वर्षीया आध्या आचार्य, झापा भद्रपुर नगरपालिका-१५ का ७० वर्षीय विनोद पौडेल, पौडेलकै श्रीमती ६९ वर्षीय सरिता पौडेल र सवारी चालक ताप्लेजुङ फुङलिङ नगरपालिका-१०, का ४२ वर्षीय दुर्गा भट्टराईको रहेका छन्।

त्यस्तै घाइते हुनेमा ललितपुर-१० का ४५ वर्षीया सविना आचार्य उहाँका छोरा १० वर्षीय भविमय आचार्य रहेका छन्। उहाँहरूको जिल्ला अस्पतालमा उपचार भइरहेको छ। सोमबार बिहान करिब ५:०० बजे विद्युत्को पोलबाट चुँडिएको तार सडकमा झरेको र उक्त तारमा गाडी अल्झिँदा अचानक आगो लागेको प्रारम्भिक अनुसन्धानमा देखिएको प्रहरीले जनाएको छ।

सूचना अधिकारी बस्नेतका अनुसार आगलागीको जानकारी प्राप्त हुनासाथ प्रहरी निरीक्षक रवि रावलको कमाण्डमा १५ जनाको टोली तत्काल घटनास्थलमा पुगेको थियो।

# सप्तकोसी नदीमा नुहाउने क्रममा डुबेर मामा भाञ्जा बेपत्ता

**दैनिक समाचारदाता**
**सुनसरी, ८ वैशाख।**

सप्तकोशी नदीमा नुहाउने क्रममा डुबेर सोमबार मामा भाञ्जा बेपत्ता भएका छन्।

सोमबार बिहान बराहक्षेत्र मन्दिरमा पूजा गर्न गएका इटहरी उपमहानगरपालिका १६ बालग्रामका १६ वर्षीय जेनिस आचार्य र ४० वर्षीय नवराज बास्तोला नदीमा डुबेर बेपत्ता भएका हुन्।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक योगराज खतिवडाले बराहक्षेत्र १ क्षेत्रस्थित नदिमा दुवै जना डुबेर बेपत्ता भएको जानकारी दिएका छन्।

भान्जा जेनिस नुहाउँदै गर्दा नदीमा डुबेपछि बचाउन जादा मामा नवराज पनि बेपत्ता भएको प्रहरीले जनाएको छ।

दुवै जनाको गोताखोरसहित नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको टोलीले खोजी गरिरहेको प्रवक्ता खतिवडाले जानकारी दिए।

# सर्लाहीमा बालकसहित दुई जनाको शव फेला

**दैनिक समाचारदाता**
**सर्लाही, ८ वैशाख।**

सर्लाहीमा छुट्टाछुट्टै स्थानमा बालकसहित दुई जनाको शव फेला परेको छ।

पर्सा गाउँपालिकानस्-४, जिगड्वास्थित इँट्टा भट्टामा काम गर्ने भारतको बिहार राज्यका ४ वर्षीय सुजित माझीको इँट्टा भट्टा परिसरमा खनेको खाडलमा जमेको पानीमा डुबेर ज्यान गएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिए।

पर्सा-२, सङ्ग्रामपुरस्थित सैलश बाबा मन्दिरमा लागेको मेला हेर्न गएका बालक तीन दिनदेखि बेपत्ता थिए। उनका परिवारका सदस्यले खोजविनका लागि प्रहरी चौकी नारायणपुरमा निवेदन दिएका थिए। खोजी गर्ने क्रममा माझी खाडलमा डुबेको अवस्था फेला परेका प्रहरीले जनाएको हो।

यस्तै लालबन्दी नगरपालिकास्थित लखन्देही खोलामा एक पुरुषको शव फेला परेको छ। लालबन्दी-२, जुटपानीस्थित जीर्ण झोलुङ्गे पुलमुनि स्थानीय ४५ वर्षीय लक्ष्मण महतोको शव फेला परेको प्रवक्ता राईले जानकारी दिए। घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# हिउँ चितुवाको राष्ट्रिय संख्या अनुमान सार्वजनिक, हिउँ चितुवाको संख्या ३९७

काठमाडौँ, ८ वैशाख (रासस)।

दुर्लभ हिउँ चितुवाको राष्ट्रिय सङ्ख्या अनुमान सार्वजनिक गरिएको छ। सार्वजनिक तथ्याङ्कअनुसार नेपालमा हिउँ चितुवाको सङ्ख्या ३९७ र प्रति १०० वर्ग किलोमिटरमा औसत घनत्व एक दशमलव ५६ रहेको अनुमान गरिएको छ।

वन तथा वातावरण मन्त्रालयअन्तगर्तको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र वन तथा भू-संरक्षण विभागको नेतृत्वमा विश्व वन्यजन्तु कोष नेपाललगायत संस्थाको सहयोगमा मूल्याङ्कन गरिएको थियो। वन्यजन्तु सप्ताहको समापन कार्यक्रममा आइतबार यहाँ अयोजित कार्यक्रममा सार्वजनिक गरिएको सङ्ख्याले नेपालभरि हिउँ चितुवा र तिनीहरूको बासस्थानको स्थितिबारे महत्वपूर्ण जानकारी प्रदान गर्ने बताइएको छ।

कार्यक्रममा निकुञ्ज विभागका महानिर्देशक डा रामचन्द्र कँडेलले यो राष्ट्रिय अनुमान नेपालको संरक्षण यात्रामा एक ऐतिहासिक कदम भएको उल्लेख गर्नुभयो। "यसले हिउँ चितुवाको सङ्ख्याको स्पष्ट चित्र मात्र प्रदान गर्दैन, भविष्यका संरक्षण रणनीतिहरूलाई पनि सूचित गर्दछ। यो प्रजातिको संरक्षणप्रतिको हाम्रो प्रतिबद्धता अटल छ, र हामी यसको दीर्घकालीन अस्तित्व सुनिश्चित गर्न स्थानीय समुदाय र विश्वव्यापी साझेदारहरूसँग निकट सहकार्य जारी राख्नेछौँ", उहाँले भन्नुभयो।

यस मूल्याङ्कनमा २०१५ देखि २०२४ सम्म सरकार, संरक्षण संस्थाहरू र अनुसन्धानकर्ताहरूद्वारा नेतृत्व गरिएका व्यक्तिगत अध्ययनहरूबाट, क्यामेरा ट्र्याप र दिशाको नमूनाहरूको आनुवंशिक विश्लेषणलगायत अत्याधुनिक प्रविधि प्रयोग गरी विभिन्न सात अध्ययन क्षेत्रहरूबाट हिउँ चितुवाको वितरण र जनसङ्ख्या घनत्वको तथ्याङ्क प्रयोग गरिएको थियो। यस मूल्याङ्कनले उपलब्धिले हिउँ चितुवा र तिनीहरूको संवेदनशील पर्वतीय पारिस्थितिक प्रणालीको सुरक्षा गर्न मुलुकको प्रतिबद्धतालाई जोड दिन्छ।

मूल्याङ्कन निकुञ्ज विभागका वरिष्ठ पारिस्थितिकीय विद्को नेतृत्वमा रहेको प्राविधिक टोलीद्वारा ग्लोबल स्नो लियोपार्ड एन्ड इकोसिस्टम प्रोटेक्सन प्रोग्रामको 'पपुलेसन एसेसमेन्ट अफ द वर्ल्डस् स्नो लियोपाड्र्स' निर्देशिकाअनुसार सञ्चालन गरिएको थियो। जसमा कोषलगायत व्यक्तिगत अनुसन्धानकर्ताहरू र संरक्षण संस्थाहरू सहभागी थिए।

यसैगरी, भूसंरक्षण विभागका महानिर्देशक बद्रीराज ढुङ्गानाले नेपालमा हिउँ चितुवाको वासस्थानको एक महत्वपूर्ण हिस्सा संरक्षित क्षेत्रहरू बाहिर रहेको बताउँदै यी भू-परिदृश्यहरू लक्षित संरक्षणका उपायहरूको आवश्यकता औँल्याउनुभयो। "यसका लागि समुदायमा आधारित पहलहरूलाई सुदृढ पार्नु, वासस्थानको निरन्तरता र मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका रणनीतिहरू हिउँ चितुवाको सम्पूर्ण क्षेत्रमा दीर्घकालीन अस्तित्व सुनिश्चित गर्न महत्वपूर्ण हुनेछ", उहाँले भन्नुभयो।

कोषका राष्ट्रिय प्रतिनिधि डा घनश्याम गुरुङले विश्व वन्यजन्तु नेटवर्कमा हिउँ चितुवाको राष्ट्रिय जनसङ्ख्याको आधाररेखा स्थापित गर्ने प्रयासलाई सहयोग गर्न पाएकामा गर्व महसुस भएको उल्लेख गर्नुभयो। "यो नतिजाले सहभागीमूलक संरक्षणका लागि आधारको रूपमा काम गर्नेछ, जसले हामीलाई सबैभन्दा बढी हस्तक्षेप आवश्यक पर्ने क्षेत्रहरूलाई प्राथमिकता दिन सुनिश्चित गर्नेछ", उहाँले भन्नुभयो, "सरकारी निकायहरू, संरक्षण संस्थाहरू र स्थानीय समुदायबीचको सहकार्य हालसम्मको हाम्रो सफलता र जलवायु परिवर्तन तथा तीव्र पूर्वाधार विकासको सामनामा र यस प्रजातिको भविष्यका लागि पनि महत्त्वपूर्ण छ।"

मूल्याङ्कनका निष्कर्षहरूले हिउँ चितुवा पाइने क्षेत्रहरूमा तिनको दीर्घकालीन अस्तित्व सुनिश्चित गर्न परिष्कृत सुरक्षा उपायहरूको आवश्यकता पर्ने संरक्षण प्राथमिकताको उजागर गरेका छन्। यस्तै, दिगो संरक्षण रणनीतिहरूले सामुदायिक सहभागिता र द्वन्द्व न्यूनीकरणका उपायहरूलाई एकीकृत गर्नुपर्ने औँल्याइएको छ। नतिजाहरूले संरक्षित क्षेत्रहरू बाहिरका हिउँ चितुवाको बासस्थान व्यवस्थापनको महत्वमा पनि जोड दिएका छन्।

एसियाका १२ मुलुकमा पाइने हिउँ चितुवा ठूला बिराला प्रजातिहरूमध्ये सबैभन्दा कम अध्ययन गरिएको क्षेत्रमध्ये पर्दछ। विश्व वन्यजन्तु कोषको सन् २०२१ को एक प्रकाशनअनुसार उक्त समयसम्म हिउँ चितुवाको विश्वव्यापी क्षेत्रको लगभग २३ प्रतिशत मात्र व्यवस्थित रूपमा अध्ययन गरिएको छ। तीन प्रतिशतभन्दा कममा मात्र सङ्ख्यासम्बन्धी अनुभवजन्य तथ्याङ्क उपलब्ध छन्।

यस पहलले हिउँ चितुवा संरक्षणमा नेपालको विश्वव्यापी नेतृत्वलाई रेखाङ्कित गर्दै यस प्रजातिको भविष्य सुरक्षित गर्न वैज्ञानिक अनुसन्धान, समुदायमा आधारित संरक्षण र सीमापार सहकार्यमा निरन्तर लगानीको महत्वलाई प्रकाश पारेको छ।

# अविलम्ब वार्तामा बसेर विद्यालयमा फर्कन आह्वान शिक्षकहरूलाई प्रधानमन्त्रीको आग्रह

काठमाडौँ, ८ वैशाख (रासस)।

प्रधानमन्त्री केपी शर्मा ओलीले देशको ढुकुटीले धान्न सक्ने र सम्भव हुने मागलाई राज्यले सम्बोधन गर्ने भएकाले अविलम्ब वार्तामा बसेर विद्यालय फर्कन आन्दोलनरत शिक्षकहरूलाई आह्वान गर्नुभएको छ।

नेपाल प्रगतिशील प्राध्यापक सङ्गठनको ११ औँ राष्ट्रिय सम्मेलनको सोमबार कीर्तिपुरमा उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले अहिलेको सरकार दमनकारी नभई लोकतान्त्रिक भएकाले ट्रेड युनियनको अधिकारको रक्षासहित पेसागत क्षेत्रका जायज मागलाई सम्बोधन गरिने बताउनुभयो।

"विद्यालय शिक्षा विधेयक संसदीय समितिमा विचाराधीन छ। ऐन ल्याउन भनेर यत्रा शिक्षकहरू सकडमा आन्दोलनमा आउनु पर्दैन। भर्ना अभियान सुरू भइसकेको छ। कृपया जानूस्, विद्यालयमा गएर भर्ना गराउनूस्। एसइईको उत्तरपुस्तिका परीक्षण गर्नूस्। एसइईमा ५२ प्रतिशत विद्यार्थी फेल गराइएको भन्ने मेरो भनाइले चित्त नदुखाउनूस्। गुणस्तरीय शिक्षाका लागि लाग्नूस्", प्रधानमन्त्री ओलीले भन्नुभयो, "शिक्षकहरूको आन्दोलनले विद्यार्थी र अभिभावकलाई घाटा छ, शिक्षकहरूलाई लाभ छैन। त्यसकारण अविलम्ब वार्तामा बसेर आन्दोलन अन्त्य गर्नूस्। प्रतिगामी तत्वहरू सल्बलाएका बेला तपाईंहरूले आन्दोलन गर्ने उपयुक्त समय पनि यो होइन।"

**समृद्धि र अग्रगतिका लागि बौद्धिक सक्रियता देखाउन प्राध्यापकहरूलाई आग्रह**

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओलीले प्रतिगामी, उग्रवामपन्थी, विकृति र विसङ्गतियुक्त प्रवृत्तिहरूविरुद्ध प्राध्यापकहरूले बौद्धिक रूपमा सक्रियता देखाउनुपर्ने बताउनुभयो।

मुलुकमा प्रकट भइरहेका प्रतिगामी, उग्रवामपन्थी, विकृति र विसङ्गतियुक्त प्रवृत्तिहरूप्रति सजग हुँदै आफ्नो बौद्धिक क्षेत्रबाट विद्यमान सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षार्थ विचार निर्माणमा लागि पर्न आह्वान गर्नुभएको हो।

"प्राध्यापकजस्तो सचेत वर्गले लोकतन्त्र र तानाशाहीका बीचको भेद छुट्याउन नसक्ने भन्ने कुरै हुँदैन। कोही पनि सचेत नागरिक आफ्नो समाज कस्तो बनाउने भन्ने सन्दर्भमा तटस्थ रहिरहन सक्दैन। लोकतन्त्रको प्रयोगबाट मुलुकको समृद्धिका लागि दक्ष जनशक्ति निर्माण गर्नुपर्ने छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "हामीले मिसन २०८४ भनेको छौँ। त्यो मिसन भनेको अराजकतावादी, प्रतिगामी, असभ्यता र देशलाई अँध्यारो यात्रातर्फ फर्काउने प्रयासविरुद्धको मिसन हो। यसमा तपाईंहरूले लेखेर-बोलेर बौद्धिकताको प्रदर्शन गरी साथ दिनुपर्छ। विद्वत् समुदायका रूपमा समाजमा आफ्नो पहिचान दिनुपर्छ। देशको विकास तब हुन्छ, जब नागरिकहरू स्वस्थ्य, शिक्षित र दक्ष हुन्छन्। नागरिकहरू स्वस्थ्य, शिक्षित र दक्ष बनाउने हाम्रो प्राथमिकता हुनुपर्छ।"

प्रधानमन्त्री ओलीले शिक्षालाई हरेकको पहुँचभित्र कसरी पुर्‍याउने र गुणस्तरीय शिक्षा कसरी दिन सकिन्छ भनेर हामीले सोच्न आग्रह गर्दै कसरी ज्ञानलाई आर्जन, सङ्कलन र सम्प्रेषण गर्छौं भन्ने अति महत्वको विषयमा मनन गर्न सम्झाउनुभयो। उहाँले यस सङ्गठनको जन्म नै अधिकार प्राप्तिको आन्दोलनका क्रममा भएकाले आगामी दिनसम्म उच्चशिक्षा क्षेत्रमा गरिनुपर्ने सुधारका लागि प्रभावकारी भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो।

# मधेस मिडिया काउन्सिलमा उपाध्याय र आमसंचारमा खड्गा नियुक्त

**दैनिक समाचारदाता**
**जनकपुर, ८ वैशाख।**

मधेस प्रदेश मिडिया काउन्सिलको अध्यक्षमा कमल उपाध्याय र आमसञ्चार प्राधिकरणको अध्यक्ष पदमा जीतेन्द्र खड्गालाई नियुक्त गरिएको छ।

मधेस प्रदेशका गृह, कानुन तथा सञ्चारमन्त्री राजकुमार लेखीका अनुसार मधेस प्रदेश सरकारको आइतबार बसेको मन्त्रिपरिषद् बैठकले सो निर्णय गरेको हो। नियुक्त भएका दुवैजना लामो समयदेखि पत्रकारितामा आबद्ध हुनुहुन्छ। उपाध्याय बाराका तथा खड्ग सप्तरीका बासिन्दा हुनुहुन्छ।

मन्त्री लेखीका अनुसार, सञ्चार क्षेत्रको सुधार, नियमन, अनुगमन र विकासमा दुवै निकायको महत्वपूर्ण भूमिका रहनेछ।


**भर्ना खुल्यो। भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।**

**नयाँ वर्ष २०८२ को शुभकामनाका साथै यस**

**Wisdom School**

Rajbiraj 2

**राजदेवी चौकमा नयाँ शैक्षिक सत्र २०८२ को लागि धमाधम भर्ना खुल्यो**

**हाम्रो विशेषताहरु**

- दक्ष अनुभवी शिक्षक तथा शिक्षिकाहरुद्वारा अध्यापन गराइने।
- बालमैत्री शिक्षा अनुसार अध्यापन गराइने।
- CC Camera को निगरानीमा पठनपाठन गराइने।
- अतिरिक्त क्रियाकलाप साप्ताहिक गराइने।
- प्रयोगात्मक तथा कम्प्युटर प्रयोगशालाको व्यवस्था भएको।
- गरिब, दलित, शहिद परिवार तथा जेहेन्दार विधार्थीको लागि विशेष छुटको व्यवस्था
- कक्षामा प्रथम हुनेलाई ५० प्रतिशत, दोश्रोलाई ३० प्रतिशत र तेश्रोलाई २० प्रतिशत शुल्कमा छुट दिइने।

**प्रधानाध्यापक**

Wisdom School, Rajbiraj 2

**सम्पर्क नं. ०३१-५९०१९२, ९८१२०२२१३५, ९८०४७२६१९२**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*